**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १३ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १३ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** जिल्ला विपत व्यवस्थापन समितिको बसेको बैठकले स्थानीय तहमा आवश्यक खाद्यन्न वितरणको लगत सङ्कलन गरी एकद्धारा प्रणालीबाट वितरण गर्ने र सोको जानकारी जिल्ला समन्वयमा पठाउने र जिल्लाका १२ ओटै स्थानीय तहमारहेका क्यारेन्टाइनको अवस्थाको जानकारी लिने निर्णय गरेको छ । यसैगरी बैठकले स्थानीय तहमा वडा अध्यक्षको अध्यक्षतामा स्वयमसेवक परिचालन समिति गठन गरी निर्देशिकाबमोजिम स्वयमसेवकहरुलाई परिचालन गर्ने, नेपालका विभिन्नस्थानबाट जिल्लामा प्रवेश गर्नेहरुलाई आरडिटी टेष्ट गरेर मात्रै घर पठाउने र अन्य मुलुकबाट आउने व्यक्तिहरुको पीसिआर परीक्षण गरेरमात्रै घर पठाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले बताउनु भयो । बैठकमा स्वास्थ्य परीक्षणका लागि हाललाई १ हजार ओटा टेष्ट किटहरुका लागि केन्द्र सरकार र प्रदेश सरकारमा माग गर्ने पनि निर्णय भएको छ ।
निकोस चर्च बझाडले तल्कोट गाँउपालीकाको वडा नम्बर २ र ५ का ३८ घरपरिवार र जयपृथ्वी नगरपालीका- १० चैनपुरका ११ विपन्न बादी परिवारलाई वैशाख १३ गते राहात वितरण गरेको छ । चर्चले तल्कोटमा प्रतिपरिवार २० केजी चामल, एक केजी दाल र एक पाकेट तेल वितरण गरेका छ भने  चैनपुरका बादी परिवारलाई १५ केजी चामल, एक केजी दाल , एक पाकेट तेल र एकएक साबुन वितरण गरेको छ । यसैगरी तल्कोट घरभई  हाल धनगढीमा बस्दै आएका इन्द्र भण्डारीले तल्कोट गाउँपालीका - ५ का १५ परिवारलाई  सात क्वेन्टल चामल वडा अध्यक्ष कृष्ण सार्कीको रोहवरमा वितरण गरेको भण्डारीले जानकारी दिनुभयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** कोरोना भाइरसको आशङ्कामा वैशाख १३ गते साँफेबगर नगरपालिका - १३ बाब्लाका स्थानीय ९० जनाको र्‍यापिड डाइग्नोस्टिक टेष्ट रिपोर्ट नेगेटिभ आएको छ । भारतलगायत नेपालका विभिन्नस्थानबाट बाब्ला फर्किएका ६२ पुरुष र २८ महिलामा आरडिटी गरिएकोमा सबै जनाको रिपोर्ट पोजेटिभ आएको स्वास्थ्य कार्यालय अछामका जनस्वास्थ्य अधिकृत झपटराज ढुङ्गानाले जानकारी दिनुभयो ।  परीक्षण गरिएका मध्येमा ५७  जना भारत र ३३ जना नेपालकै विभिन्न क्षेत्रबाट चैतयता बाब्लास्थित घर आएका थिए । स्वास्थ्य कार्यालय ,अछामले भारतबाट घर आएका, कोरोना सङ्क्रमणसँग मिल्दो लक्षण भएका व्यक्तिहरुको आरडिटी परीक्षण सुरु गरिएको छ । जिल्लाका १० ओटै स्थानीय तहमा गएर शङ्कास्पद व्यक्तिको आरडिटी परीक्षण गर्ने कार्यालयको योजना रहेको कार्यालय प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो ।
लकडाउनको अवधिमा कृषकहरुले खेतबारीमा काम गर्दा एक व्यक्तिबाट अर्को व्यक्तिको दूरी कम्तिमा एक मिटरमा रहेर काम गर्न बयलपाटा अस्पतालका स्वास्थ्य सेवा निर्देशक डा. विकास गौचनले सबैलाई अनुरोध गर्नुभएको छ । गहुँबाली भित्र्याउने र वर्षेबाली लाउने बेला कृषकहरुले एकसाथ काम गर्दा सामाजिक दूरी कायम गरेर सुरक्षित भई परिवार र समाजलाई कोरोना संक्रमणमुक्त बनाउन डा. गौचनको सुझाव छ । घरमै सुरक्षित बस्ने, अत्यावश्यक काममाबाहिर जाँदा मास्क लाउने, साबुन पानीले नियमित हात धुनका लागि आग्रह गरिएको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** नेपाल-भारत सीमा क्षेत्रमा नाका बन्द गरिएको एक महिना बढि भएको भएपनि भारतको माल्पा क्षेत्रमा काम गर्न गएका ३४ जना नेपाली वैशाख १३ गते मात्रै दुम्लीङभन्दा माथिल्लो क्षेत्र घाटिबगर भएर महाकाली तरेर स्वदेश फर्किएका छन् ।

महाकाली तरेर स्वदेश आउनेमा बझाङ जिल्ला बुङ्गल नगरपालिका- १ का एक जना, छविसपाथी गाउँपालिकाका- ७ का एक महिला र २७ पुरुष, जाजरकोटका तीन जना तथा दार्चुला जिल्ला नौगाड गाउँपालिका - २ का दुई जना रहेको जिल्ला प्रहरी कार्यालय, दार्चुलाका इन्स्पेक्टर सुरेन्द्रप्रसाद जोशीले जानकारी दिनुभयो । घाटिबगरबाट उनीहरु हिडेरै व्यासको दुम्लीङ पुगेका छन् । जिल्ला प्रहरी कार्यालय ,दार्चुलाका इन्स्पेक्टर जोशीले नेपाल आएका उनीहरुलाई वैशाख १३ गते हुतीको क्वारेन्टाइनमा राख्नेगरी समन्वय भइरहेको जानकारी दिनुभयो ।

भारतमा रहेका नेपाली नागरिकको तत्काल उद्धारको लागि सरकारसँग जिल्ला विपद् व्यवस्थापन समितिलेसमेत सरकारसँग अनुरोध पठाएको छ । सङ्घीय सांसद गणेशसिंह ठगुन्नाले परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीलाई भेटि भारतमा रहेका १ हजार बढि नेपाली नागरिकलाई स्वदेश ल्याउनुपर्ने माग गर्नुभएको छ । यसैगरी सर्वोच्च अदालतलेसमेत भारतीय क्षेत्रमा अलपत्र परेका नागरिकहरुको उद्धार गरी नेपालमै व्यवस्थापन गर्न आदेश दिइसकेको अवस्थामा हालसम्म पनि भारतीय क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकहरुको उद्धार हुँन सकेको छैन् ।

एक महिनादेखि लकडाउनका कारण बन्द रहेको सुदूरपश्चिमको महत्वपूर्ण योजनाको रुपमा रहेको महाकाली कोरिडोरको काम सुचारु हुने भएको छ । कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तिङ्कर जोड्ने उक्त योजनाको काम सुचारु हुने भएको हो ।  कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुलाका विभिन्न क्षेत्रमा काम सुचारु गर्नको लागि योजनाले तयारी थालेको हो । लकडाउनले गर्दा ६ प्याकेजमा जारी काममध्ये केहि ठाउँमा एकदुई दिन भित्रै सुचारु गर्ने तयारी भइरहेको योजना प्रमुख अच्युत विलास पन्तले बताउनु भयो । यस क्षेत्रको महत्वपूर्ण योजनाको काममा ढिलाई हुँदा विकास निर्माण पूरै प्रभावित हुने अवस्था आएपछि निरन्तर समन्वयपछि निर्माण व्यवसायीले काम सुचार गर्न तयार भएका छन् । दार्चुलाको कोरिडोर जोड्ने लास्कु खोला र निजङगाड खोलामा पूल निर्माण गर्ने निर्माण व्यवसायी जिल्ला आइसकेका छन् । व्यास गाउँपालिकाको वडा नम्बर ४ सिनादेखि वडा नम्बर २ को कोठेधारसम्मको नौ किलोमिटर सडक निर्माणको ट्र्याक खुलाउने गरी निर्माण व्यवसायी फिल्डमा पुगिसकेको र । एकदुई दिनभित्रै मेसिनमार्फत काम सुचारु हुँने दार्चुला तिंकर सडक योजनाका इन्जिनियर एवं सूचना अधिकारी दिनेश रैखोलाले बताउनु भयो ।

विगतमा दार्चुला तिंकर सडक योजना अन्तर्गत सञ्चालन भएको यो क्षेत्रमा कोठेधारमा कोरिडोरमार्फत काम हुँदैछ । हालसम्म यो क्षेत्रको ४० किलोमिटर सडकको साधारण ट्र्याक खुलाइएको छ । यसैगरी बैतडीको सलेसना र  डडेल्धुरा क्षेत्रमा सडकको ट्याक खुलाउन सव इन्जिनियर मुकेन्द्र मल्ललाई खटाइएको छ । काम गर्ने समायावधि सकिन लागेको भन्दै योजनाले निर्माण व्यवसायीलाई समन्वय गरी काम सुचारु गराउन लागेको हो । २०८० सालमा सक्ने लक्ष अनुसार  महाकाली कोडिरोडर परयोजना सञ्चालन गरिएको हो । कञ्चपुरको ब्रह्मदेवदेखि दार्चुला तिंकरसम्म ४ सय २५ किलोमिटर निर्माण गरिने उक्त सडकको १ सय २५ किलोमिटर मात्रै हालसम्म ट्र्याक खुलेको छ । यसअघि ठेक्का भएका निर्माण व्यवसायीसँग भएको सम्झौता चालु वर्षमा सकिदैछन् । योजना प्रमुख पन्तले भन्नुभयो, अब नयाँ बहुवर्षीय सम्झौता गरेर अगामी वर्षदेखि थप काम अगाडी बढाइने योजना छ ।”

मालिकार्जुन गाउँपालिकामा भारतबाट आएका सबै व्यक्तिको र्‍यापिड डायग्नोस्टिक टेस्ट (आरडिटी) गरिने भएको छ । भारतबाट आएका व्यक्तिमा कोराना भाइरसको सङ्क्रमण हुँन सक्ने आशङ्काभएपछि सबै व्यक्तिको र्‍यापिड टेस्ट गरिन लागेको हो । गत चैत महिनामा भारतबाट फर्किएका सबैको

आरडिटी गरिन सुरु गरिएको मालिकार्जुन गाउँपालिका स्वास्थ्य संयोजक गुणराज ओभ्हाले जानकारी दिनुभयो । मालिकार्जुन गाउँपालिकामा चैत महिनापछि २ सय ७१ जना आएको तथ्याङ्क छ । भारतबाट आएकामध्ये अहिलेसम्म यसअघि ६८ जनाको मात्रै आरडिटी र स्वाब परीक्षण गरिएको छ । पहिलो चरणमा र्‍यापिड र स्याब परीक्षण हुँन नसकेका व्यक्तिहरुको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिने स्वास्थ्य संयोजक ओभ्हाले बताउनु भयो । गत चैत महिनामा भारतबाट मालिकार्जुन भित्रिनेमा वडा नम्बर १ मा ३४ जना , वडा नम्बर २ मा ५२ जना, वडा नम्बर ३ मा ६८ जना, वडा नम्बर ४ मा २७ जना, वडा नम्बर ५ मा ११ जना, वडा नम्बर ६ मा १२ जना, वडा नम्बर ७ मा १८ जना र वडा नम्बर ८ मा ४९ जना रहेका छन् ।मालिकार्जुन गाउँपालिकामा भारतबाट आएका व्यक्तिहरु क्वारेन्टाइनमासमेत बसेका छैनन् । मालिकार्जुन गाउँपालिका वडा नम्बर ३ मा वैशाख १३ गते ३३ जनाको र्‍यापिड टेस्ट गरिएको स्वास्थ्य संयोजक ओभ्हाले बताउनु भयो । अधिकांश भारतबाट आएका व्यक्तिहरु स्वास्थ्य संस्थामा आएर आरडिटी गर्न नआउँदा समस्या भइरहेको छ, उहाँले भन्नुभयो, जबरजस्ती खोजेर ल्याउनु पर्ने बाध्यता छ । गाउँपालिकाले वैशाख १४ गते वडा नम्बर १ र २ को सामुदायिक स्वास्थ्य एकाइ सेलिचामामा आरडिटी गर्ने भएको छ । वैशाख १५ गते वडा नम्बर ६ र ७ को उकु स्वास्थ्य चौकी र वैशाख १६ गते वडा नम्बर ४, ५ र ८ को पस्ती स्वास्थ्य चौकीमा आरडिटी गरिने मालिकार्जुन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रघुनाथ अवस्थीले जानकारी दिनुभयो ।
लकडाउनका कारण प्रभावित भएका नौगाड गाउँपालिकाका अतिविपन्न, गरिब र मजदुर दलित परिवारलाई दोस्रो चरणको राहत वितरण गर्ने भएको छ । कोरोना भाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्न लकडाउनको समयमा काम गर्न नपाएर समस्यामा पर्न नदिन दोस्रो चरणको राहत वितरण गर्न लागिएको गाउँपालिकाका योजना शाखा प्रमुख नरेन्द्रसिह ठगुन्नाले बताउनु भयो ।
उहाँले भन्नु भयो - ‘दोस्रो चरणमा ६ सय ५० घरधुरीलाई राहत वितरण गर्न लागेका छौँ । पहिलो चरणका ८६  परिवारलाई राहत वितरण गरिएको थियो । दोस्रो चरणमा गाउँपालिकाले ५० केजी चामल, तीन केजी दाल, दुई केजी नुन, दुई लिटर तेल, चार पिस साबुन वितरण गर्ने योजना गरेको छ ।’

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** मेलौली नगरपालिकाले घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । जारी लकडाउनका कारण भत्ता वितरणमा ढिलाइ भएपछि नगरपालिकाले सम्बन्धित वडा कार्यालयमार्फत घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरणको काम सुरु गरेको नगर उपप्रमुख राधा ओभ्हाले जानकारी दिनुभयो । सामाजिक दुरी कायम गरेर सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई घरदैलोमै पुगेर भत्ता वितरण गर्ने कार्य सुरु भएको उपप्रमुख ओभ्हाको भनाइ छ । सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरुलाई लकडाउनका बेला सहज होस भन्नका लागि घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरणको काम सुरु भएको मेलौली नगरपालिकाले जनाएको छ ।
यसैगरी सुर्नया गाउँपालिका वडा नम्बर ३ को कार्यालयले पनि घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । गाउँपालिकाले दोश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता निकासा गरेसँगै गाउँगाउँमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालिएको वडा अध्यक्ष दिलाराम भट्टले बताउनु भयो । उहाँले भन्नु भयो - ‘हामीले लकडाउनका कारण एकै ठाउँमा भेला गरेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने अवस्था भएन । त्यसैले घरघरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेका छौँ ।’

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलको संयोजकत्वमा बसेको जिल्ला सङ्कट व्यवस्थापन समितिको बैठकले जिल्ला भित्र विकास निमार्ण आयोजना र उद्योगहरू सञ्चालन गर्न अनुमति दिने भएको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको १६ औं बैठकबाट पारित गरेका प्रावधानहरूलाई पूर्ण पालना गर्ने लिखित प्रतिवद्धता जनाएमा विकास निमार्णका कार्य सञ्चालन गर्न अनुमति दिने प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनु भयो । उहाँले भन्नु भयो - 'उच्च स्तरीय समन्वय समितिले बनाएको मापदण्डलाई पुरा गरेर आएमा अनुमति दिन्छौं र नियमित अनुगमन पनि हुन्छ ।'

योजना निर्माणका लागि भौतिक दुरी कायम गर्नुपर्ने, निर्माणमा खटिएका मजदुरको दैनिक( बिहान,बेलुका) ज्वरो मापन गर्नुपर्ने, मास्क प्रयोग गर्नुपर्ने, निर्माण व्यवसायीले हरेक साइटमा एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने, मजदुरलाई साबुन र स्यनिटाइजर अनिवार्य दिनुपर्ने भन्दै 'गाइड लाइन' रहेको प्रमुख  जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । बैठकले आयोजना तथा उद्योगबाट उल्लेखित प्रावधानको पालना भए नभएको विषयमा स्थानीय प्रशासन र स्थानीय तहले अनुगमन गर्ने, आयोजना सञ्चालन गर्न जिल्लाबाहिरबाट कामदार ल्याउनु परेमा स्वास्थ्य परीक्षण गरी ल्याउने र स्वास्थ्य परीक्षणको विवरण समिति समक्ष पेस गर्नु पर्ने निर्णयसमेत गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ ।

स्थानीय तहले राहत वितरणमा तिब्रता  दिएसँगै  राहत वितरणमा अनुगमन समितिले नियमित अनुगमन गर्दै आएको छ ।

राहत वितरणमा के कस्तो भै रहेको छ  भन्ने बिषयमा दिपायल सिलगढी नगरपालिका वडा नम्बर ६ सिलगढी, डोटीबाट अनुगमन सुरु गरेको  राहत अनुगमन समितिका संयोजक तथा जिल्ला समन्वय समितिका उप संयोजक शशी सोपले बताउनु भयो । उहाँले भन्नु भयो-' राहत वितरणमा विपन्न र मजदुरलाई  भौगोलिक दुरी कायम गरेर  वितरण गरिएको पाएको छु ।

पुर्वीचौकी गाउँपालिकामा १७ जना, बडीकेदार गाउँपालिकामा तीन जना, जोरायल गाउँपालिकामा दुई जना, सायल गाउँपालिकामा १६ जना र शैलेश्वरी अस्पताल, डोटीमा एक जना गरी ३९ जनाकोको र्‍यापिड डाइग्नोस्टिक टेस्ट बिधिबाट वैशाख १२ गते कोरोना परीक्षण गरिएको स्वास्थ्य कार्यालय डोटीका कोभिड-१९ सम्पर्क व्यक्ति सुर्य विष्टले जानकारी दिनुभयो । वैशख १२ गते आरडिटी गरिएका ३९ जनामध्ये पाँच जना महिला र ३४ जना पुरुष रहेका र  उनीहरु सबै जनाको रिपोर्ट नेगेटिभ आएको  विष्टले बताउनु भयो ।

यसैगरी जिल्लामा हालसम्म ३ सस ३७ जनाको पिसिआर र १ हजार ६ सय ५३  जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट गरी १ हजार ९ सय ९० जनाको कोरोना परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्या, डोटीले जानकारी दिएको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सेती अस्पताल धनगढीमा उपचाररत धनगढी  उपमहानगर पालिका- ५ की ३४ वर्षीया कोरोना सङ्क्रमित महिलाको चौथो रिपोर्ट पनि पोजेटिभ आएको अस्पताले जनाएको छ । उनको चैत २२ गते कोरोना पुष्टि भएपछि चार पटक परीक्षण भइसकेको सेती अस्पतालका सूचना अधिकारी दिलीप कुमार श्रेष्ठले बताउनु भयो । उनको सेती प्रादेशिक अस्पतालमा आइसोलेसनमाराखि उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको सूचना अधिकारी श्रेष्ठले जानकारी दिनु भयो ।

सेती प्रादेशिक अस्पतालमा लकडाउनपछि बन्द रहेको खोप सेवा सुरु भएपछि वैशाख १२ गते मात्रै १ सय ५२ जना बालबालिकाले खोप सेवा लिएका छन् । अस्पतालले सूचना जारी गर्दै बालबालिकाहरुका

लागि लगाइने विभिन्न खोपहरु हप्ताको दुई दिन सञ्चालन हुँने जनाएपछि बालबालिकाहरु बोकेर अभिभावकहरु सेती प्रादेशिक अस्पताल पुगेका हुन् । अस्पतालमा हप्ताको दुई दिन सोमबार र शुक्रबार विहान ९ बजेदेखि दिउसो १ बजेसम्म खोप सेवा दिन सकिने सिनियर अनमी भवगती बडालको भनाइ छ ।

यसैगरी प्रत्येक हप्ता आइतबार र बुधबार विहान ९ बजेदेखि १ बजेसम्म गर्भवती तथा परामर्श र टिडी खोप सेवासमेत सञ्चालन हुँने सिनियर अनमी बडालले जानकारी दिनुभयो ।

उद्यामशिलता र रोजगारीका लागि तालिम तथा परामर्श केन्द्र (ट्रेस कैलाली)ले कोरोना भाइरसको चेकजाँच र रोकथामका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । ट्रेस नेपालका प्रवन्ध निर्देशक छत्र बमले धनगढी उपमहानगरपालिका प्रमुख नृपबहादुर वडलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन । नगरप्रमुख वडले असहज अवस्थामा स्वास्थ्य सामग्रीको सहयोग गर्ने ट्रेस नेपाल धन्यवादको पात्र भएको बताउनु भयो । ट्रेस नेपालका प्रवन्ध निर्देशक बमका अनुसार थर्मगन १० ओटा, सर्जिकल मास्क २ हजार पिस र सर्जिकल ग्लोब्स ६ सय पिस धनगढी उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस फैलिन नदिन गाउँगाउँमा किटनासक औषधि र्छकन सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दयाकृष्ण पन्तले जानकारी दिनुभएको छ । कोरोना भाइरसको जोखिम कम गर्नका लागि हिमाली गाउँपालिकामा वैशाख १२ गतेबाट किटनासक औषधि छर्किन सुरु गरिएको छ । गाउँपालिका केन्द्ररहेको धुलाचौर बजार क्षेत्रसहित बाँधुदेखि कवाडी मुल सकड क्षेत्र र गाउँपालिककाका सात ओटै वडाका केही टोलमा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि जीवाणु तथा बिषाणु नष्ट गर्ने क्यामिकल सोडियम हाइपोक्लोराइड सोलुसन छर्किएको गाउँपालिका स्वास्थ्य शाखा संयोजक राजबहादुर भण्डारीले जानकारी दिनुभयो । बजार क्षेत्रका चहलपहल बढी हुने स्थान, सडकछेउ र वडाका प्रत्येक टोलमा टोली नै परिचालन गरी कोरोना भाइरसको जोखिम कम गर्न किटनासक औषधि छर्किने कार्य गरिएको गाउँपालिका अध्यक्ष गोविन्द मल्लले बताउनु भयो । जनताहरुको स्वास्थ्य सुरक्षाको निमित्त गाउँपालिकाले आफ्नै आर्थिक श्रोतबाट कोरोना रोकथाम गर्न सबै जोखिमयुक्त बस्तीमा किटनासक क्यमिकल छर्किएको गाउँपालिका अध्यक्ष मल्लको भनाइ छ ।

सदरमुकाममा मानव आवतजावत नियमित भइरहने र उपचारका लागि पनि अस्पतालमा बिरामीहरु आइरहने भएकोले बाटो, कार्यालयछेउछाउ र क्वारेन्टाइन बनाइएको मालिका मावि क्षेत्रमा औषधि छर्किएको बडिमालिका नगरपालकाका प्रमुख पदम बडुवालले जानकारी दिनुभयो ।

हिमाली गाउँपालिका- ४ का अध्यक्ष रमेश विकको संयोजकत्वमा अहेव बासुदेव पाण्डे, मदन पाण्डे, हिमाल मल्ल, ललित मल्ल, कृष्ण मल्ल र अनन्त पाण्डेलाई सतर्कता तालिम परिचालन गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत जनकबहादुर शाहीले जानकारी दिनुभयो ।

बुढीगंगा नगरपालिकाका वडाहरुमा किट्नासक औषधि छर्कीने काम भइरहेको बुढीगंगा नगरपालिकाका स्वास्थ्य संयोजक दिपक शाहले बताए । जिल्लाका नौ ओटै स्थानीय तहमा किटनासक औषधि छर्किने स्वास्थ्य कार्यालयले जनाएको छ ।

जगन्नाथ गाउँपालिकाले ढुवानी अनुदानमा गाँउमै खाद्यन्न पुयाएको छ । गाउँपालिकाले लकडाउनमा कोल्टिबाट खाद्यन्न ढुवानी गर्न नसक्ने अवस्था भएपछि गाउँपालिकाले घरसम्म खाद्यन्न पुऱ्याएर बिक्री गरेको गाउँपालिका रोजगार संयोजक लक्ष्मण जोशीले जानकारी दिनुभयो ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** लकडाउनको क्रममा दैनिक ज्यालामजदुरी गर्ने गन्यापधुरा गाउँपालिकाका १४ जनजाति परिवारलाई खाद्यान्न सहयोग गरिएको छ । उद्योग वाणिज्य सङ्घ डडेल्धुराका निवर्तमान प्रथम उपाध्यक्ष भोजराज भट्टले जनजाति परिवारलाई आवश्यक पर्ने खाद्य सामग्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलिपकुमार तामाङ्गलाई हस्तान्तरण गरेका हुन् । प्रतिपरिवार ३० केजी चामल, दुई केजी दाल, दुई पोका तेल, २ पाकेट नुन र तीन पिस साबुन १४ परिवारका लागि खाद्यन्न सहयोग प्राप्तभएको र गाँउपालिकाले वडामार्फत जनजाती परिवारमा वितरण गरेको गन्यापधुरा गाँउपालिका प्रमुख प्रशासकिय अधिकृत दिलिपकुमार तामाङ्गले जानकारी दिनुभयो ।
लकडाउनका क्रममा काठमाडौँ, कैलाली र कञ्चनपुरमा अलपत्र परेका विद्यार्थी तथा मजदुरहरुलाई अमरगढी नगरपालिकाले जिल्ला ल्याउन पहल थालेको छ । अध्ययनको सिलसिलामा काठमाडौँ, कैलाली र कञ्चनपुरमा रहेका विद्यार्थी र ज्यालादारी गर्दै आएका मजदुरलाई ल्याउन नगरपालिकाले वैशाख १३ गते चार ओटा बस पठाएको नगरप्रमुख विशेश्वरप्रसाद ओझाले जानकारी दिनुभयो । अन्य जिल्लाबाट ल्याइएका नागरिकहरुलाई होम क्वारेन्टाइनमा बस्ने शर्तसहित ल्याउन लागिएको नगरप्रमुख ओझाको भनाइ छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलरिञ्जन भाटका अनुसार** भीमदत्त नगरपालिकाले भीमदत्त नगरपालिका- १८ सालघारीस्थित सुकुम्बासी बस्तीमा वैशाख १३ गते सेनिटाइजर वितरण गरेको छ । बाक्लो बस्ती भएकाकारण कोरोना सङ्क्रमणबाट बाँच्नका लागि सेनिटाइजर वितरण गरिएको भीमदत्त नगरपालिकाले जनाएको छ । भीमदत्त नगरपालिकाले अन्य क्षेत्रमासमेत सेनिटाइजर वितराण गर्ने जनाएइको छ । सुकुम्बासी बस्तीमा सेनिटाइजर वितरण गरेकै दिन वडा नम्बर १३ मा पनि सेनिटाइजर वितरण गरिएको छ । भीमदत्त नगरपालिका वडा नम्बर १३ का वडा अध्यक्ष लालबहादुर शाहीको नेतृत्वमा सेनिटाइजर वितरण गरिएको छ ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**